नेपाली राजदूतावास
क्वालालम्पुर

# सूचना   सूचना   सूचना

## आप्रवासीहरुको घरफिर्ती कार्यक्रम सम्बन्धी अत्यन्त जरुरी सूचना

मिति: २०८०।११।१७

मलेसिया सरकारले मलेसियामा अवैधानिक रुपमा बस्दै आएका विदेशी नागरिकलाई मिति २०८०।११।१८ देखि २०८१।०९।१६ (तदनुसार १ मार्च २०२४ देखि ३१ डिसेम्बर २०२४) सम्म 'Migration Repatriation Programme' अन्तर्गत बढीमा मलेसियन रिङ्गिट ५०० जरिवाना तिरेर घर फर्किने कार्यक्रम लागु गरेको छ ।

साथै, उक्त कार्यक्रम अन्तर्गत मलेसियामा विना भिषा प्रवेश गरेका वा भिषाको म्याद गुजारेर बसेका (Over Stay) को हकमा मलेसियन रिङ्गिट ५०० जरिवाना र भिषाको नियम उल्लङ्घन गरी मलेसियामा बसेकाको हकमा मलेसियन रिङ्गिट ३०० जरिवाना तिरेर घर फर्किन सक्नेछन् ।

अवैधानिक रुपमा मलेसिया बस्दै आई घर फर्कन चाहने विदेशी नागरिकको सहजीकरणका लागि अध्यागन विभागले कुनै निकाय वा व्यक्तिलाई जिम्मेवारी दिइएको छैन । यसका लागि घर फर्कन चाहने नेपाली दाजुभाई दिदी बहिनीहरु स्वयंले यस कार्यक्रममा आवद्ध हुने प्रक्रिया अगाडि बढाउन सक्नु हुनेछ ।

वैधानिक कागजात नभएता पनि जरीवाना रकम तिरेर सहज रुपमा घर फर्कनका लागि देहायका सरल प्रक्रिया अपनाउनु पर्नेछ :-

- वैध राहदानी वा यात्रा अनुमति पत्र (Travel Document) को लागि नेपाली राजदूतावासमा आवेदन दिने,
- निवेदन दिने दिन देखि १४ दिन भित्रमा नेपाल फर्कने एकतर्फी हवाई टिकटको व्यवस्था गर्ने,
- मलेसियन रिङ्गिट ३०० अथवा ५०० जरिवाना तिर्ने
  (मलेसियाको अध्यागन विभागलाई जरिवाना रकम नगदमा तिर्न नमिल्ने, डेबिट कार्ड वा क्रेडिट कार्डबाट तिर्न सकिने अथवा Touch 'n Go e-Wallet' मार्फत पिन नम्बर लिई तिर्न सकिन्छ। )

माथि उल्लिखित कागजात तथा जरिवाना रकम लिई मलेसियाको अध्यागन विभागले तोकेका देहायका १४ वटा स्थानहरु मध्ये पायक पर्ने कुनै एक स्थानमा गई आवेदन दर्ता गर्न सकिन्छ ।

*(सवाह र सरावाक राज्य वाहेक सबै राज्य तथा संघिय क्षेत्रमा रहेका संघीय अध्यागमन विभाग वा अध्यागमन विभागको मुख्य कार्यालय पुत्रजया ।)*

१. पर्लिस
२. जोहोर
३. केडा
४. केलान्तान
५. मेलका
६. नेगेरी सिम्बिलान
७. पाहाङ्
८. पेराक
९. पुलाउ पिनेङ
१०. सेलान्गोर
११. तेरेङ्गानु
१२. संघीय क्षेत्र क्वालालाम्पुर
१३. संघीय क्षेत्र लावुवान
१४. संघीय क्षेत्र पुत्रजया अध्यागमन विभागको मुख्य कार्यालय

यी सबै प्रक्रिया पुरा भएपछि हवाई टिकटको मिति अनुसार घर जान सक्नु हुनेछ ।

**धन्यवाद ।**